# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा संचालक समिति**

**सानोठिमी, भक्तपुरको**

## कक्षा १२ को मौका परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरद्वारा २०७३ साल कार्तिक ६ गते सञ्चालित कक्षा १२ को मौका परीक्षाको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्ड परीक्षा सञ्चालक समितिको मिति २०७३/०७/२५ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । साथै, प्रकाशित परीक्षाफल निम्नानुसारको Website, SMS तथा IVR बाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**Website :-**

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : www.neb.ntc.net.np
३. इयुजोनिक्स एजुकेशन प्रा.लि. को website : www.edusanjal.com
४. P & P Multimedia प्रा.लि.को website : www.edukhabar.com
५. One Up कम्युनिकेशन को website : www.meroshikshya.com

**SMS सेवा :-**

१. नेपाल टेलिकमको **१६०१** मा SMS गर्ने तरिका :
hseb <space> Symbol No. टाईप गरी **१६०१** मा SMS गर्ने ।
२. जानकी टेक्नोलोजी प्रा. लि को **३५००१** मा SMS गर्ने तरिका :
HSEB <space> Symbol No. टाईप गरी **३५००१** मा SMS गर्ने ।
३. फोकसवान नेपाल प्रा. लि को **३५५६६** मा SMS गर्ने तरिका :
HSEB <space> SymbolNo. टाईप गरी **३५५६६** मा SMS गर्ने ।
४. इजि सर्भिस प्रा. लि को **३४९४९** मा SMS गर्ने तरिका :
HSEB <space> Symbol No. टाईप गरी **३४९४९** मा SMS गर्ने ।

**IVR सेवा :-**

१. नेपाल टेलिकमको १६०१ मा डायल गरी प्राप्त निर्देशानुसार गर्ने

पुनश्च:-

☞ उत्तीर्ण परीक्षार्थीहरूलाई वितरण गरिने प्रमाणपत्रहरू-ट्रान्सक्रिप्ट, माईग्रेसन, प्रोभिजनल र पुरक **(TMPS)** प्रमाणपत्रहरू २०७३ साल मंसिर २० गते पश्चात् मात्र राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयहरु (विराटनगर, हेटौडा, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र काठमाण्डौं) बाट उपलब्ध गराइनेछ । नतिजा प्रकाशनका क्रममा कुनै त्रुटी (अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन/सिम्बोल नम्बर फरक पर्ने) देखिएमा सम्बन्धित शाखा कार्यालयहरू वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा तिन महिना भित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ ।

☞ राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ को मौका परीक्षाको नतिजा प्रकाशन पश्चात आफूले प्राप्त गरेको कुनै विषयको प्राप्ताङ्कमा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले पुनर्योग गराउनका लागि प्रति विषय रु. ५००।- (पाँच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि लब्धाङ्कपत्रको प्रतिलिपि सहित नतिजा प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित शाखा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा आवेदन दिइसक्नु पर्ने छ ।

- परीक्षा नियन्त्रक

मिति : २०७३/०७/२५